### प्रेस बिज्ञप्ति

**गैरआवासीय नेपाली संघ र युएन वमनबीच नयाँ सम्झौता**

काठमाण्डौ । गैरआवासीय नेपाली संघ (एनआरएनए) र संयुक्त राष्ट्र संघीय महिला कार्यक्रम (युएन वमन) नेपाल कार्यालयवीच महिला शसक्तिकरणमा सहकार्य गर्न सम्झौता भएको छ ।

दुई बर्षअघि (५ अगष्ट २०१४) मा भएको सम्झौतापत्रमा नयाँ कार्यक्षेत्र थप गर्दै जुन ७ तारिखका दिन सम्झौतालाई नविकरण गरिएको छ । सम्झौतापत्रमा गैरआवासीय नेपाली संघका अध्यक्ष शेष घले र युएन वमनका आवासीय प्रतिनिधि जियाद शेखले हस्ताक्षर गर्नुभयो ।



यो सम्झौतामार्फत दुवै संस्थाको स्रोतसाधन र सहकार्यबाट महिला सशक्तिकरण गर्ने तथा महिला सशक्तिकरणको लागि महिला पुरुष संगसंगैको अवधारणलाई अघि बढाउन दुवै संस्था सहमत भएका छन् । गैरआवासीय नेपाली संघले गोरखाको लाप्राकमा निर्माण गर्न लागेको नमुना वस्तीका प्रभावित महिला समुदायको सशक्तिकरण, बिदेश जाने महिला कामदारको सशक्तिकरण लगायतका बिषयहरुमा दुवै संस्थाले मिलेर काम गर्ने नयाँ सम्झौतामा उल्लेख छ ।

कार्यक्रमलाई संवोधन गर्दै युएन वमनका आवासीय प्रतिनिधि जियाद शेखले संघ र यूएन वमनको सहकार्यको दुई बर्षमा महिला सशक्तिकरण सम्बन्धि कार्यमा केहि उपलब्धी हासिल भएको बताउनुभयो । दुवै संस्था मिलेर अझै धेरै

काम गर्न सकिने सम्भावना भएका कारण सम्झौता नविकरण गरिएको र यसले थप उर्जा र कार्यदिशा तय गर्न मद्दत गरेको उहाँले बताउनुभयो ।

एनआरएनएले निर्माण गर्न लागेको लाप्राक नमूना बस्ती निर्माणमा महिलाको उल्लेखिय तथा निर्णायक सहभागिताको आवश्यकता रहेको वताउँदै लाप्राकका महिलाहरुको सशक्तिकरणमा यूएन वमनले आवश्यक सहयोग गर्ने कुरा यस सम्झौतापत्रले सूनिश्चित गरेको जनाउनु भयो ।

'प्ल्यानेट ५०/५०' को अवधारणा ई.स. २०३० मा हासिल गर्ने लक्ष्य तय गरिएको भए पनि यो एकदमै चुनौतिपूर्ण रहेको र यसको सफलताको लागि बिश्वभरका पुरुषहरुलाई यसको महत्वका बारेमा शिक्षा दिनु जरुरी रहेको उहाँले बताउनुभयो । यसको सुरुवात आफ्नै घरबाट हुनुपर्ने उहाँले धारणा राख्नुभयो ।

संघका अध्यक्ष घलेले सहकार्यको महत्व गहन भएको र सहकार्यबाट नै धेरै चूनौतिपूर्ण कार्य सम्पन्न गरिएको वताउँदै संघ र यूएन ओमनको यस सम्झौतापत्रले स्वदेश तथा विदेशमा रहेका महिलाहरुको सशक्तिकरणमा सहयोग पुराउनेमा आफु विश्वस्त रहेको बताउनुभयो । हाल विदेशमा पनि नेपाली परिवारहरु माझ घरेलु हिंसा र पति-पत्नीबीचका असमझदारी सार्वजनिक हुन थालेको भन्दै उहाँले यस्टा घटनाले आफूलाई निकै चिन्तित तुल्याएको वताउनुभयो ।

नयाँ सम्झौताले गैरआवासीय नेपाली संघले लाप्राकमा विकाश गर्न लागेको नमुना वस्तीका प्रभावित महिलाहरुको सशक्तिकरणमा सहकार्य गर्ने बाटो खुलेको भन्दै उहाँले लाप्राकमा नमुना वस्तीसंगै महिला सशक्तिकरणको पनि काम गर्ने बताउनुभयो । संघसंग स्रोत र इच्छाशक्ति दुवै भएकोले तत्कालै पुनःनिर्माणको काम सुरु गर्ने बताउनु भयो ।

सूचना आयोगका प्रमुख आयुक्त कृष्णहरि बाँसकोटाले सम्झौतापत्रमा हस्ताक्षर गरेकोमा दुवै संस्थालाई वधाई दिंदै शुभकामना समेत दिनु भयो । उहाँले महिला सशक्तिकरण महिलाहरुको बिषयमात्रै नभई यो मानवअधिकारको बिषय भएकोले यसप्रति सबैलाई चनाखो रहन अनुरोध गर्नुभयो ।

महिला, वालवालिका तथा समाजकल्याण मन्त्रालयका सचिव मधु रेग्मीले गैरआवासीय नेपाली संघले नेपालको चौतर्फि बिकासमा सहभागिता देखाई रहेकोमा धन्यवाद दिंदै संघ र यूएन वमना बीचको यस सहकार्यको लागि शुभकामना दिनु भयो ।

कार्यक्रममा यूएन वमनका कार्यक्रम बिशेषज्ञ सरु जोशीले संघ र यूएन वमनको सहकार्यबारे प्रकाश पार्नु भएको थियो भने मेन इंगेज अलाइन्स नेपालका संयोजक कपिल काफ्लेले महिला पुरुष संगसंगै कर्याक्रमका बारेमा जानकारी गराउनुभएको थियो ।

रञ्जु थापा,<br>
प्रवक्ता,<br>
अन्तर्राष्ट्रिय समन्वय परिषद्,<br>
गैरआवासीय नेपाली संघ ।